मेरिङदेन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)

सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## हेभी सवारी चालक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

(प्रकाशित मितिः २०७५/०८/१४)

यस गाउँपालिकाको लागि तपशीलको विज्ञापनमा उल्लिखित पदहरुमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको website: www.meringdenmun.gov.np बाट डाउनलोड गरी वा मेरिङदेन गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | परीक्षा मिति | कैफियत |
|---|---|---|---|---|
| ००२/०७५-७६ | हेभी सवारी चालक | १ (एक) | कार्यालयले पछि निर्धारण गरेबमोजिम हुनेछ। | |

**परीक्षाको किसिम तथा केन्द्रः-** कार्यालयले पछि निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

**आवश्यक न्यूनतम योग्यताः-** सामान्य लेखपढ गर्न जान्ने भई समूह 'ज' वा 'झ' (Category 'H' or 'I') को सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेछ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको दरखास्त दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण (Bio-Data), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी हुलाक, यस कार्यालयको ईमेल ठेगाना meringden@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७५/०८/२० गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र।

**दरखास्त दस्तुरः-** रु. ३००/- (तीन सय रुपैयाँ) मात्र।

प्रमुख प्रशासकीय अधिकृत

मेरिङ्देन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)

सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## हेभी सवारी चालक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

(प्रकाशित मितिः २०७५/०८/१४)

**दरखास्त दस्तुर बुझाउने स्थानः-** मेरिङ्देन गाउँ कार्यपालिकाको कार्यालय, सान्थाक्रा, ताप्लेजुङमा बुझाउन वा यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ०६२०३००००००००४००१०६३ मा जम्मा गर्न सकिनेछ।

**तलब स्केल :-** नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ।

**अन्य सेवा/सुविधा/भत्ताः-** गाउँपालिकाको निर्णय वा कार्यविधि बमोजिम हुनेछ।

**करार अवधिः-** अर्को व्यवस्था वा निर्णय नभएसम्मको लागि।

**प्राथमिकताः-** अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।

**पुनश्चः-** यो सूचना मिति २०७५/०८/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक, कार्यालयको वेबसाइट, कार्यालयको फेसबुक वाल, फेसबुक पेज तथा कार्यालयको सूचनापाटीमा हेर्न सकिनेछ। थप जानकारीको लागि सम्पर्क नं. ९७४२६-९१९४५ मा सम्पर्क गर्न सक्नु हुनेछ। सूचनामा उल्लेख भएबाहेकका अन्य विषयमा गाउँ कार्यपालिकाको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

८/१४
प्रमुख प्रशासकीय अधिकृत